

# परिवर्तनको पक्षमा सशक्त नेतृ मीना पाण्डे



- ममता गिरी

**इतिहास र वर्तमानमा पनि गर्व गर्न लायक** यस्ता धेरै योद्धाहरू छन्, जसले केवल महिलाका हक अधिकारका लागि मात्र नभएर सिङ्गो समाज र राष्ट्रको परिवर्तनका लागि आफूलाई पूर्ण रूपले सङ्घर्षमा होमेका छन् । राजनीतिमा समर्पित भएर लागेका छन् । लोकतन्त्रको लागि र जनताको सुदृढ भविष्यका लागि अनवरत रूपमा क्रियाशील भइरहेका छन् । आफ्नो जीवनको परवाह नगरी जनताको खुशीको निम्ति सङ्घर्षरत छन् । समृद्ध समाजको निर्माणका लागि अनेकौं चुनौतीहरूको सामना गर्दै अघि बढिरहेका छन् । देश र जनताको हितका खातिर आफूले कष्ट सहनु सामान्य कुरा होइन । यही असामान्य काम गर्ने हिम्मत गर्नेहरू नै समाजका उदाहरणीय पात्र हुन्छन् । जसको आँटले संसारलाई नै जगमगाई दिन्छ । जसको साहसले अन्धकारलाई चिरेर ज्योति प्रदान गर्दछ । यही सङ्घर्षमय इतिहासको गर्वबाट जन्मिएकी एक नेतृ हुन्, मीना पाण्डे ।

मीना पाण्डेको जन्म २००९साल वैशाख २९ गते रामेछापको बेथान गाउँ विकास समिति-२मा भएको हो । खड्का परिवारमा जन्मिनु भएकी मीना किसान परिवारकी छोरी हुनुहुन्छ । किसान परिवारमा शिक्षित बाबुआमा नभए पनि उहाँहरूको सोच भने सकारात्मक नै थियो । छोराछोरीलाई पढाउनुपर्छ भन्ने भावना थियो तर घर छोडेर छोरीलाई टाढा पढ्न पठाउने विचार भने थिएन । त्यसैले स्थानीय कुशेश्वर प्राथमिक विद्यालयबाट प्राथमिक तहको पढाइ उहाँले पूरा गर्न पाउनुभयो । तर त्यसपछिको पढाइका लागि भने नजिकको गाउँमा पनि हाइस्कूल नभएकोले उहाँको पढ्ने रहर अधुरै रहने अवस्था भयो । छोरीलाई हाइस्कूल पढाउन हुँदैन भन्ने सोच उहाँको परिवारमा पनि थियो । तर पढेर समाजमा केही गर्नुपर्छ भन्ने सोचाइ राख्नुहुने मीनालाई उच्च शिक्षाको रहर झनै लाग्दै गयो । यद्यपि उपाय भने केही थिएन । कक्षा पाँचसम्मको पढाइ सकेर केही समय त्यसै बिताउनुभएकी मीना २०२५ सालमा घरपरिवार छोडी भागेर काठमाडौं आउनुभयो । आफ्नी साानिमा कक्षा नौ मा पढ्ने भएकाले उनकै किताबको सहयोगबाट पढाइ अगाडि बढाउने भनेर नौ कक्षामै भर्ना हुनु भयो । यी दुःखका क्षणलाई स्मरण गर्दै उहाँले भन्नुभयो-मैले दुःख गरेर एसएलसी उत्तीर्ण गरेँ र पद्मकन्या क्याम्पसमा स्नातक तहसम्म अध्ययन गरेँ ।

उहाँको २०३७ सालमा सर्लाही जिल्ला निवासी यज्ञबहादुर पाण्डेसँग विवाह भयो । उहाँका दुई छोराहरू छन् । रोगका कारण उहाँको श्रीमान्को २०६० सालमा मृत्यु भयो । त्यसपछिका दिनहरू उहाँको सङ्कटपूर्ण हुँदै गयो । जीवनका

अनेकौं घुम्तिहरूमा अप्ठेरो सहँदै, कठिनाइहरूसँग पैठेजोरी खेल्दै मीना राजनीतिमा निरन्तर अगाडि बढिरहनुभयो । मीनाको घर परिवार पनि राजनीतिक नै भएकोले विवाहपश्चात पनि उहाँको राजनीतिक जीवनमा त्यति असर गरेन । महिला भएकोले घर परिवारको जिम्मेवारी थपियो । राजनीतिक काममा प्रत्यक्ष असर नपरे पनि घर व्यवहारको काम तथा बच्चा हुर्काउने जस्ता कामले भने केही असर पर्नु स्वाभाविक थियो । उहाँ भन्नुहुन्छ- घरभित्र बाहिरको कामले थप बोझ त हुन्छ नै र त्यसलाई पहिले नै समाधान गर्छु भनेर आँट गर्न सक्नु पर्छ । व्यवहारिक चाँजो पाँजो महिला आफैँले पनि मिलाउँदै राजनीतिक काममा लाग्नुपर्छ । परिवारका अन्य सदस्यको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । त्यसैले एउटा पुरुषलाई भन्दा महिलालाई राजनीतिमा आउन निकै कठिन हुन्छ । यो कुरा परिवारको मूलीले पनि बुझ्नुपर्छ । तथापि ती सबै कठिन सामाजिक परिवेशसँग जुध्दै मीनाले राजनीतिमा सक्रियता अझै बढाउनुभयो । महिला अगाडि बढ्नु भनेको उसको लागि मात्र नभई सिङ्गो घर, समाज र राज्यकै लागि हो ।

तत्कालीन समयमा महिलालाई मात्र होइन पुरुषलाई पनि राजनीतिमा प्रवेश गर्नु भनेको कठिन चुनौतीको सामना गर्नुपर्दथ्यो । क्याम्पसमा भर्ना भएपछि उहाँ विद्यार्थी राजनीतिमा सक्रिय बन्नुभयो । उहाँको दाजु शिवबहादुर खड्का पहिलादेखि नै निरङ्कुश पञ्चायती शासन बिरोधी भएकाले राजनीतिक बातावरण र प्रेरणा चाहिं उहाँको परिवारबाट पाउनुभएको थियो । त्यतिखेर उहाँको दाजु र भाउजू दुर्गा पनि राजनीति बुझ्केकै कारणले उहाँलाई राजनीतिमा लाग्न सहयोग मिलेको थियो र राजनीतिमा प्रवेश गरेर आजसम्म निरन्तरता दिइरहनुभएको छ । राजनीतिमा लाग्न परिवारले गरेको सहयोगको बारेमा राखिएको जिज्ञासामा मीना भन्नुहुन्छ- अहिले त कसैले आफ्ना छोराछोरी वा आफन्तलाई सहजै राजनीतिमा लगाउन चाहँदैन भने प्रतिबन्धित कालमा राजनीतिक विचार राखेकै कारण दाजु जेलमा बस्नु पऱ्यो । त्यो साहसले पनि मलाई प्रेरणा दिई रह्यो ।

राजनीतिक दल नै प्रतिबन्धित रहेको तत्कालीन अवस्थामा विद्यार्थी सङ्गठनले पनि गोप्य रूपमा गतिविधि गर्नुपर्थ्यो । विद्यार्थी आन्दोलनमा सक्रियतापूर्वक अगाडि बढ्दै जाँदा नागरिक स्वतन्त्रता, दलमा लागेको प्रतिबन्ध र महिला अधिकारका लागि सङ्घर्ष अगाडि बढ्दै गयो । यसै क्रममा विपी कोइराला, गणेशमान सिंहजस्ता व्यक्तित्वहरूसँग उहाँको सम्पर्क बढ्दै गयो । उहाँ सक्रिय राजनीतिमा २०३३ सालदेखि लाग्नुभयो । उहाँ २०३६ सालको आन्दोलनमा गिरफ्

तार हुनुभयो। मीनालाई केन्द्रीय कारागारमा एक वर्ष राखिएको थियो। जेल पर्दा पनि धेरै दुःख र कष्ट सहनुपर्‍यो तर पनि उहाँ कहिल्यै हतास हुनुभएन। उहाँसँगै दाजु शिव र भाइ रामचन्द्र पनि जेल पर्नुभएको थियो। २०५९ सालको राजनीतिक घटनाक्रमदेखि २०६२।०६३को जनआन्दोलनसम्म आइपुग्दा उहाँ पटकपटक प्रहरी हिरासतमा बस्नुभयो। लामो समयसम्म हिरासतमा बस्ने सङ्घर्षशील महिलाहरूमध्ये मीना पनि हुनुहुन्छ।

राजनीतिक जीवनलाई ऊर्जावान बनाउँदै लैजानुभएकी मीनाले नेपाली काँग्रेसमा औपचारिक रूपमा प्रवेश अर्थात पार्टी सदस्यता लिएको भने २०४६ सालको परिवर्तन पछि मात्रै हो। पार्टीको राजनीतिमा निरन्तर अगाडि बढ्दै जाने क्रममा उहाँ २०४८ सालदेखि महासमिति सदस्य बन्नुभयो। काँग्रेसको एघारौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य बन्नुभयो। पार्टीले दिएका हरेक जिम्मेवारीलाई अत्यन्त कुशलतापूर्वक उहाँले पूरा गर्दै आउनुभएको छ। बाह्रौ महाधिवेशनबाट उहाँ केन्द्रीय नेतृत्वमा आउन सक्नुभएन। अहिले महाधिवेशन प्रतिनिधिको हैसियतले पार्टीको जिम्मेवारी पूरा गर्दै आउनुभएको छ।

विद्यार्थी जीवनदेखि नै राजनीतिमा संलग्न मीनाले पद्मकन्या क्याम्पसको पहिलो स्ववियू सभापति हुने अवसर प्राप्त गर्नुभयो। २०३६ सालको विद्यार्थी आन्दोलनपछि भएको स्ववियू चुनावबाट उहाँ सभापतिमा निर्वाचित हुनुभएको हो। उहाँ सभापति हुँदाका तत्कालीन पदाधिकारीहरू सबैले राजनीति छाडिसकेका छन्। उहाँ भन्नुहुन्छ- राजनीति नै निर्णायक शक्ति भएकाले मैले निरन्तरता दिइरहेकी हुँ। २०४६ सालपछि उहाँ खुल्ला राजनीतिक वातावरणसँगै आफ्नो राजनीतिक यात्रालाई अझ जिम्मेवारपूर्ण बनाउँदै लग्नुभयो। पार्टी कामकै सिलसिलामा पार्टीले उहाँलाई महिला फाँटको जिम्मेवारी दियो र उहाँ नेपाल महिला सङ्घको अध्यक्ष भएर महिला आन्दोलनमा अझ सक्रिय भएर लाग्नुभयो। २००४ सालमा गठित महिला सङ्घ राजनीतिक दल प्रतिवन्धित अवस्थामा निष्क्रिय नै थियो तर २०४६ सालपछि फेरि मंगलादेवीको अध्यक्षतामा पुर्नगठन गरिएपछि मीना यसमा सक्रिय भएर लाग्नुभयो। राजनीति गर्दा महिलाले समाजमा अनेकौं चुनौतीका सामना गर्नुका साथै सङ्घर्ष गर्नुपर्छ, जसलाई उहाँले सामना गर्दै आउनुभएको छ। आज पनि उहाँमा त्यत्तिकै उत्साह, क्रियाशीलता र जागरुकता रहेको छ। निस्वार्थपूर्वक देश जनताका लागि लडिरहनुभएको छ। मीना मुलुकका लागि अझै धेरै काम गर्ने उच्च भावना राख्नुहुन्छ।

मीना २०५४साल मङ्सिर २३ गतेदेखि २०५५ पुससम्म महिला, बालबालिका तथा समाजकल्याण मन्त्री हुनुभएको थियो। यस अघि महिला मन्त्रालयको जिम्मेवारी पहिलो पटक लीला कोइराला र दोस्रो पटक सहाना प्रधानले सम्हाल्नुभएको थियो। करीव १ वर्ष मन्त्री हुनुभएकी मीना भन्नुहुन्छ- छोटो समय भयो, सोचे जति काम गर्न नसकिए पनि केही नीतिगत सुधार गर्ने कामहरू भने गरेकी थिएँ। बेइजिङ सम्मेलनको १२ वटा महिला सरोकारका विषयलाई कार्यान्वयन तहमा लैजानका लागि कार्य योजनासहित पुस्तक निकालें। राष्ट्रिय महिला आयोगको गठनका लागि पहल गरें, बेचिएर फर्किएका महिलाहरूलाई बस्ने व्यवस्था नभएकोले एक गैरसरकारी संस्था (माइती नेपाल) लाई आर्थिक सहयोग दिएर बेचिएका चेलीहरू राख्ने व्यवस्था गरें।

यसैगरी मीनाले महिलालाई राजनीतिमा सक्रिय गराउने उद्देश्यले महिला जागृत कार्यक्रमका लागि अवधारणापत्र तयार गर्नुभयो। उहाँले तयार पार्नुभएको जागृत कार्यक्रमले चुलो चौकोमा सीमित महिलालाई सदनसम्म ल्याउनुपर्छ भन्ने दीर्घकालीन लक्ष्य राखेर ७५ वटै जिल्लामा सञ्चालन गर्ने योजना बनाएको थियो। तर त्यो कार्यक्रम उहाँको पालामा लागू हुन सकेन तर नेपाली काँग्रेसकै तर्फबाट मन्त्री बन्नुभएकी कमला पन्तले २०५६ सालमा उक्त कार्यक्रम लागू गर्नुभयो।

महिलालाई राजनीतिक रूपमा सचेत, सक्रिय गराउने काममा धेरै खट्नुभयो। महिलाका हक अधिकारका पक्षमा भएका हरेक सडक आन्दोलनमा सक्रियतापूर्वक लाग्नुभयो। महिला भएकै कारण आफ्नै पार्टीभित्र बसेर पनि अरु पुरुषको भन्दा थप काम गर्नुपर्ने मीनाको अनुभव छ। तर मीना भन्नुहुन्छ "हरेक ठाउँमा महिलाको दोहोरो भूमिकालाई सामान्य रूपमा हेर्ने गरिएको छ, यो दुःखद पक्ष हो"।

आन्दोलनको लामो इतिहास र अनुभव बोक्नुभएकी मीना पहिलो संविधान सभामा नेपाली काँग्रेसको तर्फबाट समानुपातिक सभासद पनि हुनुहुन्थ्यो। संविधानमा महिलाका हक अधिकारका कुरालाई लिपिबद्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। महिलाको समान सहभागिता र राज्यका सम्पूर्ण निकायमा समावेशी प्रतिनिधित्व गराउन उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। उहाँ भन्नुहुन्छ- महिला हक अधिकार प्राप्तिका लागि सर्वप्रथम महिला नै अग्रसर हुनुपर्छ।

मीना भन्नुहुन्छ- जीवन सङ्घर्ष हो, सङ्घर्ष नगरी कुनै पनि सफलता प्राप्त हुँदैन । मीनाले भन्नु भएजस्तै समाज आफैं यहाँसम्म आएको होइन, मीनाजस्ता थुप्रै दिदीबहिनीहरूको सङ्घर्षको परिणाम स्वरूप आज व्यवस्था बदलिएको छ, समाज परिवर्तन भएको छ । त्यसैले भविष्यलाई सुन्दर बनाउन सङ्घर्ष, त्याग र समर्पणको निरन्तर आवश्यकता पर्दछ, जुन मीनाले गरिरहनुभएको छ । इतिहासका विभिन्न चरणमा २००७ देखि २०६२।०६३ सम्मको राजनीतिक आन्दोलनले सदैब सङ्घर्षमा होमिन प्रेरित गऱ्यो । उहाँ भन्नुहुन्छ,“सङ्घर्षलाई म अवसरको रूपमा बढी लिन्छु किनकि त्यही सङ्घर्षले हामीलाई लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गराएको छ, हाम्रै सङ्घर्षले हामीलाई यो सुन्दर युगमा बाँच्ने अवसर जुटाएको छ ।”

उहाँको योगदानको मूल्याङ्कन गरेर नै पार्टीले उहाँलाई निर्वाचनमा जानको लागि टिकट दिएको थियो तर उहाँ पराजित हुनुभयो । तथापि उहाँको राजनीतिक यात्राले विश्राम लिएन । आज पनि उहाँ राजनीतिक काममा नै क्रियाशील हनुहुन्छ । उहाँ भन्नुहुन्छ-“जबसम्म पार्टीको नेतृत्व तहमा महिला पुग्न सक्दैनौं तबसम्म महिला आन्दोलनको सही मूल्याङ्कन भएको मान्न सकिन्न । सबै दलका महिलाको अवस्था उही छ । अझै पनि राजनीतिक दलहरूमा पुरुष नेतृत्व नै हावी छ । पार्टीमा नेतृत्व महिला मैत्री बन्न सकिरहेको छैन । किनकि नेतृत्वमा पितृसत्तात्मक मानसिकता अझै कायम रहेको छ । तर उहाँ विश्वास गर्नुहुन्छ, कालान्तरमा यो सोचमा अवश्य परिवर्तन आउनेछ ।

मीनाका अनुसार राजनीति भनेको धन कमाउने वा जागिर खाने ठाउँ होइन, समाज सेवा हो । काम गर्दै जाँदा कुनै बेला लाभको पद पाउनु अर्कै कुरा हो । तर राजनीति भनेको त्याग हो समर्पण हो । अन्तरआत्मादेखि जनताको सेवा गर्नु हो । यो कुरा आत्मसात् गरेर नै राजनीतिमा लाग्नुपर्दछ । मीना भन्नुहुन्छ- राजनीति भनेको देश चलाउने जिम्मेवारी पनि हो । यसर्थ सबै महिलाले मात्र होइन सबैले यसलाई बुझेर इमानदारीपूर्वक राजनीतिमा समाहित हुनुपर्छ ।